बैठक संख्या : ०८२/०८३/११

आज मिति २०८२/१०/०८ गते बिहिबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान :११.०० बजे ।

स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।

उपस्थिति :

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर चिदी | अध्यक्ष | |
| २. | श्री बिष्णु माया लुङ्चे | उपाध्यक्ष | |
| ३ | श्री राजकुमार पन्थी | सदस्य | ABSENT |
| ४ | श्री बोम बहादुर ठाडा | सदस्य | |
| ५. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | |
| ६ | श्री शंकर दर्लामी | सदस्य | |
| ७. | श्री गणेशमान गाहा | सदस्य | |
| ८. | श्री युव बहादुर ठाडा मगर | सदस्य | |
| ९. | श्री जग बहादुर दर्लामी | सदस्य | ABSENT |
| १०. | श्री दिल बहादुर ढेगा | सदस्य | ABSENT |
| ११. | श्री तुलसा न्यौपाने | सदस्य | ABSENT |
| १२. | श्री मगली कुमाल | सदस्य | Mangali |
| १३. | श्री रुकुमी सुनारी | सदस्य | |
| १४. | श्री लिला सरा चिदी | सदस्य | |
| १५. | श्री पुर्ण बहादुर सुनार | सदस्य | |
| १६. | श्री भिम कुमारी परियार | सदस्य | |
| १७. | श्री सुन्दर प्रसाद श्रेष्ठ | सचिव | |
| | आमन्त्रितः | | |
| १८. | श्री जित कुमारी ढेगा | | |
| १९. | श्री सन्तोष दाहाल | ले.अ. | |
| २०. | रुद्र ब. ढेगा | व.अ. | |
| | | | |
| | | | |

# कार्यपालिकाको एघारौं बैठकको प्रस्ताव तथा निर्णयहरुः-

मिति २०८२/१०/०८

प्रस्तावहरुः-

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा।
२. मेला महोत्सव संचालन सम्बन्धमा।
३. बालमैत्री कार्यक्रम सम्बन्धमा।
४. एकीकृत घुम्ती शिविर सम्बन्धमा।
५. महिला लक्षित कार्यक्रम सम्बन्धमा।
६. युवा सीप विकास कार्यक्रम अन्तर्गत मोटर ड्राइविंग तालिम सम्बन्धमा।
७. आरन उद्योग प्रोत्साहन कार्यक्रम सम्बन्धमा।
८. हाईमोक्स लाईटको विद्युत महसुल सोधभर्ना भुक्तानी सम्बन्धमा।
९. खेलकुद प्रशिक्षण कार्यक्रम सम्बन्धमा।
१०.जिल्ला प्रशासन कार्यालयको बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा।
११. सहयोग सम्बन्धमा।
१२.प्रोत्साहन सहयोग सम्बन्धमा।

निर्णयहरुः-

१. गाउँकार्यपालिकाको यस अघिको बैठकबाट भएका निर्णय कार्यान्वयन सम्बन्धमा बैठकमा छलफल गरियो। कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु शिघ्र कार्यान्वयन गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो।
२. यस आ.व.मा माथागढी गाउँपालिका स्तरिय मेला महोत्सव संचालन गर्न न्यूनतम रु.८०००००/-(आठ लाख) कायम गरी ठेक्का आव्हान गर्ने सर्वसम्मतिले निर्णय गरियो।
३. आ.व. २०८२/०८३ मा माथागढी गाउँपालिकाको बालमैत्री कार्यक्रममा विनियोजित रु.२५ लाख रकमलाई देहाय बमोजिम कार्यक्रमहरुमा बिभाजन गरी खर्च गर्ने सर्वसम्मतिले निर्णय गरियो।

| क्र.सं. | कार्यक्रम/विवरण | लागत(रु.) |
|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन सम्बन्धि पालिका स्तरीय प्रवर्द्धन कार्यक्रम | २५०००० |
| २ | फ्लेक्श,पम्पलेट,बोर्ड छपाई | २५०००० |
| ३ | तथ्याङ्क संकलन प्रविष्टि र स्थिति पत्र तयारी | ८५०००० |

| | | |
|---|---|---|
| ४ | बालक्लब गठन (टोल , वडा ,स्तरीय) | २००००० |
| ५ | मा.वि. र आ.वि विद्यालयमा अभिमुखिकरण कार्यक्रम | २००००० |
| ६ | बालक्लब,आमा समुह तथा सरोकारवालालाई सचेतना कार्यक्रम | ३५०००० |
| ७ | बैठक सञ्चालन | १००००० |
| ८ | निराकरणका लागि खटिने कर्मचारी,पदाधिकारी,स्वयंसेवक तथा प्रतिनिधिहरुलाई खाजा , नास्ता तथा यातायात खर्च | २००००० |
| ९ | तथ्याङ्क संकलनमा खटिने गणकलाई अभिमुखिकरण कार्क्रम | १००००० |
| | | २५००००० |

४. माथागढी गाउँपालिका क्षेत्र भित्र बृहत स्वास्थ्य सेवा सहितको एकीकृत घुम्ती शिविर देहायको मिति र स्थानमा आयोजना गर्ने र सोको व्यवस्थापन गर्ने जिम्मेबारी स्वास्थ्य शाखा प्रमुख केशव बहादुर जि.सी.लाई दिने सर्वसम्मतिले निर्णय गरियो।

५. माथागढी गाउँपालिकाको आ.व २०८२/०८३ को महिला लक्षित कार्यक्रम देहाय बमोजिम संचालन गर्ने/गराउने र सोको लागि सूचना प्रकाशन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

- कानुनी सचेतना कार्यक्रम (सवै वडामा संचालन गर्ने)।
- ब्यूटिसियन तालिम पालिका स्तरिय झडेवामा।
- मागमा आधारित महिला सीपमूलक कार्यक्रम अन्तर्गत बाद्यबादन तालिम पालिका स्तरिय झडेवामा।
- सामुहिक महिला उद्यमी वडा नं. २ र ७ मा दुना टपरी मेसिन उपलब्ध गराउने।

६. माथागढी गाउँपालिकाको युवा सीप विकास कार्यक्रम अन्तर्गत मोटर ड्राइभिङ्ग तालिम १८ देखि ४० वर्ष सम्मका उमेरका युवाहरुलाई लक्षित गरी सराई र झडेवामा दुई ठाउँमा संचालन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

७. आरन उद्योग प्रोत्साहन कार्यक्रमका लागि निवेदन संकलन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

८. माथागढी गाउँपालिकाद्वारा वडा नं.३ सराईको सार्वजनिक स्थल लखन थापा पार्कमा राखिएको हाईमोक्स लाईटको विद्युत जडान सोही ठाउँको फुलबारी आमा समुहको भवनको मिटरबक्सबाट गरिएकोले फुलबारी आमा समुह सराईबाट उक्त विद्युत महसुल भुक्तानी गरिएको हुँदा उक्त रकम सो समुहलाई भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो।

९. माथागढी गाउँपालिकाको आ.व २०८२/०८३ को खेलकुद प्रशिक्षण कार्यक्रम अन्तर्गत सबै वडाका भलिबल प्रशिक्षार्थीहरु छनौट गरी संचालन गर्ने सर्वसम्मतिले निर्णय गरियो। प्रत्येक वडाबाट पुरुष २ टीम र महिला १ टीम छनौट गर्न प्रत्येक वडालाई छनौट प्रतियोगिताको लागि रु.२५०००/- उपलब्ध गर्ने सर्वसम्मतिले निर्णय गरियो।

१०. जिल्ला प्रशासन कार्यालय पाल्पाबाट प्राप्त कार्यालय प्रमुखहरुको बैठकको निर्णय बैठकमा वाचन गरी सुनाईयो। उक्त बैठकको निर्णय नं.४ को सन्दभमा प्रतिनिधी सभा निर्वाचनको मतदान स्थल तोकिएको सबै ठाउँहरुमा सडक मर्मत सम्भार गरी सवारी आवागमन सूचारु अवस्थामा राख्ने व्यवस्था मिलाउने सर्वसम्मतिले निर्णय गरियो।

११. माथागढी गाउँपालिकाको वडा नं.७ का वडा अध्यक्ष जङ्ग बहादुर दर्लामी आफ्नै कार्य क्षेत्रको भिरबाट लडी गम्भीर घाइते भई गाउँपालिकाको एम्बुलेन्समा मिसन अस्पताल पाल्पामा उपचारका लागि लगिएकोले एम्बुलेन्स भाडा मिनाहा गर्ने र निजको उपचारको लागि रु.२००००/- सहयोग उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

१२. माथागढी गाउँपालिका वडा नं.४ को अन्जना सारु मगर "The Voice of Nepal 7" को उपाधिको लागि टिम मेलिन टप थ्रीमा पुग्न भएकोले उपाधि जित्न यस गाउँपालिकाको सुवेक्षा सहित निजको प्रोत्साहनको लागि रु.१००००/- उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।